# सामाजिक परिक्षण कार्यको परामर्श सेवा प्रस्ताब पेश गर्ने सम्बन्धी

# पनौती नगरपालिकाको सूचना ।

## सूचना जारी मिति : २०७२।०६।१२

पनौती नगरपालिका कार्यालयबाट आ.ब. ०७१/७२ भित्र सञ्चालित योजना, कार्यक्रम, उपलब्ध सेवा र सुविधाहरूका सन्दर्भमा नगरवासिहरूको गुनासा, सल्लाह एवं सुझावहरू ग्रहण गरी आगामी दिनहरूमा उक्त सुझावहरू कार्यान्वयन गर्ने उद्देश्यले नेपाल सरकार संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी सामाजिक परिक्षण कार्यविधी अनुरूप परामर्शदता नियुक्त गरी सामाजिक परिक्षण कार्य यहि कार्तिक मसान्तभित्र सम्पन्न गरीसक्नु पर्ने भएकोले यो सूचना जारी भएको मितिले १५ पन्ध्र दिन भित्र पनौती नगरपालिका कार्यालयमा आई पुग्ने गरी संस्था दर्ताको प्रमाणपत्र, मु.अ.क. दर्ता/पान दर्ता, करचुक्ता प्रमाणपत्रको प्रतिलिपी सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित फर्म, संघ संस्थाहरूको लागि यो सूचना जारी गरिएको छ । र उक्त कार्य सम्पन्न गरी प्रतिवेदन बुझाए पश्चात बढीमा एकमुष्ट रू. ५०,०००।- (पचास हजार मात्र) भुक्तानी गरिने ब्यहोरा जानकारी गराइन्छ । यस सम्बन्धी अन्य थप कुरा बुझ्न चाहेमा प्रशासन शाखामा संर्पक राख्न सकिनेछ ।